# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ | सङ्ख्या : १६ | मिति : माघ २०, २०७९

## भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

## बालमैत्री आचारसंहिता, २०७९

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।०९।२८

उर्लाबारी नगरपालिका

**प्रस्तावनाः**

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धि समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो । बाल अधिकार सम्बन्धि अर्न्तराष्ट्रिय महासन्ध (CRC), १९८९ को अवधारणा, नेपालको संविधानले गरेको व्यवस्था,बालबालिबा सम्बन्धि ऐन, २०४८ ले बालबालिकाको पक्षमा वकालत गरेका छन् । स्थानीय सरकारको रुपमा रहेका गाँउपालिका, नगरपालिका, जिल्ला सम्न्वय समिति जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रुपमा स्थापित भैसकेका छन् । यस सन्दर्भमा बाल अधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा अर्न्तभूत गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ । स्थानीय सरकारको नेतृत्वमा नेपाल सरकारद्वारा निद्दिष्ट गरेका सेवा सूचक र संस्थागत सूचक प्राप्तिका लागि गाउँघर, टोल समुदाय, सँघ संस्था तथा सरोकारवालाहरुका लागि आवश्यक आचार संहिता तयार पारी बालमैत्री स्थानीय शासन प्रबर्द्धन, घोषणा तथा निरन्तरताका लागि कार्यान्वयन गरी नगरलाई बालमैत्री नगर निर्माण गर्न यो आचांरसहिता तयार पारिएको छ ।

**बालबालिकाको लागि आचार संहिताः**

१. नियमित र तोकिएको पोशाकमा विद्यालय जानेछौं ।

२. विद्यालय हाताभित्र विद्यालयको नियम पालना गर्दै अनुशासित बन्ने छौं ।

३. स्थानीय स्तरमा रहेको बालक्लव तथा अन्य क्लवहरु (रेडक्रस, स्काउट आदी) मा सक्रिय पुर्वक नियमानुसार सहभागिता जनाउने छौं ।

४. विद्यालय र समुदायस्तरमा संचालित विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागिता जनाइ निर्धक्क रुपमा आफ्नो हक अधिकारको बारेमा कुरा राख्ने र कर्तव्यको बारेमा सचेत हुनेछौं ।

उर्लाबारी नगरपालिका

५. बालविवाहको लागि कुनै पनि अवस्थामा मञ्जुरी हुने छैनौं र अन्यत्र हुन लागेमा पनि निरुत्साहित गर्नेछौं ।

६. हाम्रो आधारभुत आवश्यकताहरु खाना, आवास, स्वास्थ्य, शिक्षा, अवसर, माया, संरक्षण लगायतका बालअधिकारका बारेमा जानकारी राख्दै अरुलाई पनि सिकाउनेछौं ।

७. विपन्न र अपाङ्गता भएका साथिहरुलाई सहयोग गर्नेछौं ।

८. आफुले नबुझ्केको र नजानेको कुरा, बाल समस्याहरु अभिभावक, प्र.अ. शिक्षक, महिला फोकल पर्सनलाई भन्ने तथा उजुरी पेटिकाहरुको प्रयोग गर्नेछौं ।

९. टोल बस्तीमा हुन लागेका तथा भइरहेका बालविवाह, बाल यौन दुर्व्यवहार तथा बालश्रम जस्ता कुराहरुको बारे सम्बन्धित निकाय तथा अभिभावकलाई जानकारी दिनेछौं ।

१०. समय तालिका अनुसार पढ्ने, लेख्ने, खेल्ने, सुत्ने र संचार माध्यमको प्रयोग गर्नेछौं ।

११. सुर्तीजन्य एंवम मादक पदार्थको प्रयोग, ओसारप्रसार तथा खरिद बिक्रिमा संलग्न हुने छैनौं ।

१२. बाल अधिकारको हनन नगर्ने, हनन भएको अवस्था देखेमा सम्बन्धित निकायमा खवर गर्नेछौं ।

१३. अपरिचित व्यक्तिको ललाईफकाई तथा प्रलोभनमा फस्ने छैनौं र यस्तो भएमा अभिभावकलाई खबर गर्नेछौं ।

उर्लाबारी नगरपालिका

१४. आफु आबद्ध रहेको वा आफुलाई बोलाइएको सामाजिक संस्थाको बैठकमा नियमित र सक्रिय सहभागिता जनाउनेछौं र बालक्लब मार्फत बाल सहभागिता अभिवृद्धिमा पहल गर्नेछौं ।

१५. सरसफाई (हात धुने) को अवस्था कार्यान्वयन गर्ने / गराउनेछौं ।

१६. शौचालयको नियमित प्रयोग गर्नेछौं ।

१७. पोषिलो खानेकुरा खानेछौ, भाइबहिनी र साथीहरुलाई पनि खानको लागि प्रेरित गर्नुको साथै ६ महिनासम्मका बालबालिकालाई आमाको दुधमात्र खुवाउनका लागि अभिभावकलाई सचेत गराउनेछौं ।

१८. आवश्यक परेको खण्डमा विद्यालय वा घर परिवारको अनुमति लिएर मात्र बाहिर निस्कनेछौं ।

१९. विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई अभियान लगायतका राष्ट्रिय तथा स्थानीय अभियानहरुमा बाल क्लब मार्फत सक्दो जनचेतना फैलाउने कार्यमा सहयोग गर्नेछौं ।

२०. साना भाइबहिनिहरुलाई बाल विकास केन्द्रमा भर्ना गर्न अभिभावकहरुलाई प्रेरित गर्नेछौं ।

२१. बालमैत्री स्थानीय शासनको दिगोपनका लागि बाल क्लबका सदस्यहरु परिचालन हुनेछौं ।

२२. आफ्ना व्यवहारिक कर्तव्यको पालनामा ध्यान दिई नैतिकवान बन्नेछौं ।

२३. बाल उद्यान तथा विद्यालयको सम्पत्तिहरु( धारापानी, विजुली वगैचाहरु आदी) को संरक्षण गर्नेछौं ।

उर्लाबारी नगरपालिका

## अभिभावकका लागि आचारसंहिता:

१. विद्यालय उमेरका हाम्रा छोरा छोरीलाई नियमित रुपमा विद्यालय पठाउनेछौं ।

२. विद्यालयमा समय समयमा अनुगमन गरी पुर्ण शैक्षिक वातावरण सिर्जना गर्न आवश्यक सहयोग गर्नेछौं ।

३. बालबालिकालाई अनुशासित र योग्य बनाउन बाल क्लब तथा बालबालिकालाई प्रेरित गर्नेछौं ।

४. समुदाय र विद्यालयमा हुने अतिरिक्त कृयाकलापमा सहभागि हुन बालबालिकालाई सचेत गर्नेछौं ।

५. बालविवाह, बाल यौन दुर्व्यवहार, बालश्रम जस्ता कुराहरु निरुत्साहित गर्दै बालबालिकालाई सचेत गर्नेछौं ।

६. विपन्न र अपाङ्गता भएका बालबालिकाको आवश्यकता अनुसारको वातावरण सिर्जना गर्नेछौं ।

७. आफ्नो घरमा कुनै पनि बालबालिकाको बालविवाह गरिदिने छैनौं ।

८. समय तालिका अनुसार पढ्ने, लेख्ने, खेल्ने, सुत्ने र संचार माध्यमको प्रयोग गर्न समय तालिका बनाउन बालबालिकाको सहभागितामा आवश्यक सहजीकरण गर्नेछौं र

९. मादक पदार्थ तथा सुर्तीजन्य पदार्थको खरिद बिक्री एंव प्रयोगमा बालबालिकालाई संलग्न गराउने छैनौं र बालबालिकाको अगाडि पनि प्रयोग गर्ने छैनौं ।

१०. कुलत तथा दुर्व्यसनमा फस्न नदिनुका साथै घरपरिवार तथा समुदायमा त्यस्तो अवस्थालाई निरुत्साहित गर्नेछौं ।

उर्लाबारी नगरपालिका

११. अपरिचित व्यक्तिको ललाई फकाई तथा प्रलोभनमा नफस्न बालबालिकालाई सचेत गराउनेछौं ।

१२. बालबालिकाहरुसँग बाल मैत्री व्यवहार र आचरण प्रस्तुत गर्नेछौं । साथै बालबालिकाकालागि दैनिक आधा घण्टाको समय अन्तरक्रियाका लागि छुट्याउनेछौं ।

१३. बाल क्लब तथा बालबालिकालाई आबद्ध भएको सामाजिक संघसंस्थाको कार्यक्रम तथा बैठकमा सहभागिताको लागि प्रेरित गर्नेछौं ।

१४. सहज तथा बालमैत्री धारा, शौचालय तथा आवासको व्यवस्था गरिदिनेछौं ।

१५. नियमित सरसफाई जस्तै नङ काट्ने कपाल कोर्ने, ब्रस गर्ने, साबुन पानीले हात धुने, नुहाउने आदी कुराको ख्याल गर्नेछौं ।

१६. समयमा खाजा र सन्तुलित भोजनको व्यवस्था मिलाउने तथा पोषणयुक्त खानेकुरा खाने व्यवस्था गर्नेछौं ।

१७. आवश्यक परेको बेला बालबालिकाको उपस्थितिको आवश्यकतालाई मध्यनजर गर्दै सम्बन्धित क्षेत्रमा सहभागी गराउनेछौं ।

१८. बालबालिकालाई समयमा विद्यालय भर्ना गर्ने, खोप लगाउने कार्य गर्नुका साथै सरसफाईमा विषेश ध्यान दिनेछौं ।

१९. समयमा आफ्नो बालबालिको जन्मदर्ता गरिदिनेछौं ।

२०. साना बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गर्नेछौं ।

२१. बालमैत्री स्थानीय शासनको प्रवर्द्धन तथा कार्यान्वयनमा पुर्ण प्रतिबद्धताका साथ लाग्नेछौं ।

उर्लाबारी नगरपालिका

**नगरपालिका/विद्यालय/संघ संस्थाको लागि आचारसंहिता :**

१. प्रत्येक विद्यालयका सेवा क्षेत्र भित्र रहेका विद्यालय उमेर समुहका बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयको पहुँचमा ल्याउनेछौं ।

२. विद्यालयमा बालबालिका अभिभावक र शिक्षकले पालना गर्नुपर्ने नीति नियमको निर्माण र कार्यान्वयनमा सचेत गराउनेछौं ।

३. बालबालिका तथा अभिभावकलाई बाल क्लबको महत्वबारे सचेत गराउनेछौं ।

४. घर परिवार र समाजमा बालमैत्री वातावरण सिर्जना गर्ने अभिप्रेरित गर्नेछौं ।

५. बालबालिकाहरु माथि गरिने हिंसा दुर्व्यवहार बालश्रम शोषण रोक्न सचेतना फैलाउनेछौं ।

६. बाल अधिकारको संरक्षण गर्दै बालबालिका तथा अभिभावकहरुलाई बाल अधिकार सम्बन्धी सचेत गराउनेछौं ।

७. गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृतिको व्यवस्था गर्नुका साथै प्रत्येक संघ संस्थामा निर्माण गरिने भौतिक संरचना बालमैत्री बनाउनेछौं ।

८. पालिका क्षेत्र भित्रका बालबालिकालाई नागरिक मञ्च, स्वास्थ्य संस्था र सहभागितात्मक योजना तर्जुमा प्रकृयाका चरणमा बालबालिकाको सक्रिय सहभागिताको सुनिश्चितता गर्नेछौं ।

९. सार्वजनिक स्थानमा बालश्रमको अवस्था रहन नदिनका साथै बाल विवाह र बाल यौन दुर्व्यवहारलाई अन्त्य गर्न सधै प्रयासरत रहनेछौं ।

१०. धुम्रपान, मद्यपान, सुर्तिजन्य सामग्रीहरु खरिद तथा विक्री गर्न बालबालिकालाई नलगाउनको लागि कानुन निर्माण र कार्यान्वयन गर्नेछौं ।

११. बाल अधिकार हननका घटनाहरु अनुगमन गर्दै त्यसको समाधानकालागि आवश्यक पहल गर्नेछौं ।

उर्लाबारी नगरपालिका

१२. नगरपालिका तथा प्रहरी कार्यालयको सहकार्यमा प्रहरी कार्यालय तथा नगरपालिकामा बाल हेल्प डेक्स (सहायता कक्ष) को स्थापना गर्नेछौं ।

१३. विद्यालय व्यवस्थापन समिति विभिन्न सामाजिक संरचना, बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने संस्थामा बालबालिकालाई अर्थपुर्ण सहभागी गराउने छौं ।

१४. बाल सुचना केन्द्रको स्थापना गर्नेछौं ।

१५. स्वच्छ पिउने पानीको व्यवस्था गर्नुका साथै सरसफाइ सम्बन्धी सचेतना जगाउनेछौं ।

१६. पोषणयुक्त खानेकुरा र सन्तुलित भोजनको विषयमा अभिभावक तथा बालबालिकालाई सचेत गराउनेछौं ।

१७. बालबालिकालाई विभिन्न तालिम, गोष्ठि लगायतका कार्यक्रमहरुमा पालिका वाहिर जाँदा सहमति लिएर मात्र सहभागी गराउने वा लैजाने व्यवस्था गर्नेछौं र घरबाट बाहिर निस्कदा बालबालिका माथि हुन सक्ने दुर्व्यवहार र त्यसबाट बच्ने उपायबारे सचेत गराउनेछौं ।

१८. विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई सप्ताह लगायतका राष्ट्रिय अभियानहरु संचालन गर्नेछौं ।

१९. बाल विकास केन्द्रको स्थापना तथा संचालन गर्नेछौं ।

२०. वडामा कम्तीमा एउटा बालमैत्री पार्क निर्माण गर्नेछौं ।

२१. बालमैत्री स्थानीय शासन अभियानको सफलताका लागि पुर्ण रुपमा समर्पित हुनेछौं ।

२२. दण्डरहित शिक्षा प्रणाली कार्यान्वयन गर्दै बालमैत्री विद्यालय निर्माण गर्नेछौं ।

उर्लाबारी नगरपालिका

२३. बालबालिकाका समस्या गुनासाबारे बुझ्न सुन्न, सुनुवाई गर्न नगरपालिका, विद्यालय लगायत संघ संस्थाहरुमा सम्पर्क व्यक्ति, तोक्ने वा व्यवस्था गर्ने तथा विद्यालयमा आचारसंहिता बनाउँदा बालबालिकाले सजिलै भेट्ने स्थानमा गुनासो पेटिका राख्ने ।

२४. वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको अनुगमन गरी तथ्याङ्क अध्यावधिक गर्ने ।

२५. बाल हेल्पलाइनका नम्बरहरु तथा बाल अधिकार बारे सार्वजनिक स्थलहरुमा सबैमा जानकारी र सचेतनाका लागि प्रचार प्रसारको व्यवस्था गर्ने ।

२६. नवजात शिशुको स्वास्थ्य अधिकार (विशेषत आमाको स्तनपान गराउने) लाई नगरपालिकाले सुनिश्चित गर्नेछ ।

२७. विद्यालय सेवा क्षेत्र भित्र जङ्ग फुड बेचविखनमा रोक लगाउन सम्बन्धितहरु सँग सामुहिक सहकार्य गर्नेछौं ।

२८. फरक क्षमता भएका वच्चाहरुका लागि शिक्षाको सुनिश्चितता गर्ने ।

२९. बालकोषको व्यवस्था गरिनेछ ।

३०. बालविज्याई रोक्नका लागि अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

**आज्ञाले,**
**अग्नि प्रसाद अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**

*मूल्य रु. १०।-*

उर्लाबारी नगरपालिका